चिचिला गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः २ सङ्ख्याः ५ मितिः २०७५/०९/१३

भाग - १

## चिचिला गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५

गाँउ कार्यपालीकाको कार्यलय

चिचिला, संङ्खुवासभा

१ नं. प्रदेश, नेपाल

चिचिला गाँउपालिका

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चिचिला गाँउपालिकाको सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भः**(१) यो ऐनको नाम चिचिला गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ।

(२) यो ऐन चिचिला गाँउपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

**२. परिभाषाः**(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले चिचिला गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले चिचिला गाँउ कार्यपालिका सम्झनु पर्छ।

(ग) "गाँउपालिका" भन्नाले चिचिला गाँउपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको गाँउसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

चिचिला गाँउपालिका

**३. नियम बनाउने अधिकारः** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७५ बमोजिम चिचिला गाँउपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त चिचिला गाँउकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

**४.निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने**ः(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही चिचिला गाँउ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ।